# मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

Mission News National Weekly

www.missionenews.com

बेस्ट कर्णाली मिडिया

वर्ष-४ | अंक-४ | २०७६ साउन २९ गते बुधबार | 14 August 2019 Wednesday | मूल्य रू. १०/-



रुख रोपौं ।
वातावरण जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## जुगे योजना सेटिङ्गमा दुरूपयोग

मिसन न्यूज

कालिकोट

कर्णाली प्रदेश सरकारले आफन्तका जुगा हेरेर वितरण गरेका अधिकांस योजना दुरुपयोग भएका छन् । प्रदेश सरकारले सेटिङ्गमा गत आर्थिक वर्षमा वितरण गरेका योजनामा व्यापक दुरुपयोग भएका हुन् । घरेलु, कृषि ज्ञान केन्द्रलगायतका कार्यालयबाट संचालित योजनामा खुल्यआम दुरुपयोग भएका छन् । जिल्ला घरेलु तथा साना उद्योग विकास समिति कालिकोटले असार मसान्तमा बाँडेको अनुदानका योजनामा व्यापक दुरुपयोग भएको खुलासा भएको हो ।

कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा १८ असारमा मात्र अख्तियारी प्राप्त युवा तथा दलित लक्षित विशेष अनुदानमा व्यापक रूपमा दुरुपयोग भएको हो । जिल्लामा रहेका विपन्न उद्यमीहरूलाई विभिन्न औजार तथा सामग्री खरिद गन अख्तियारी दिएको ९२ लाख ८८ हजार बजेटमा घरेलु तथा साना उद्योग विकास समितिद्वारा १६ जना उद्यमी छनोट भए । छनोट गरिएका उद्यमीबाट केही प्रतिशत रकम सामान कम ल्याएको भन्दै घरेलु तथा साना उद्योग विकास समितिका खरिदार र कार्यालय प्रमुखको मिलेमोतोमा खेमराज उपाध्यायले नगदमा फिर्ता लिए । घरेलुको अनुदान लिएका चन्द्र फर्निचर उद्योग र लुवारकोट कृषि औजार उद्योगबाट घरेलुका खरिदार उपाध्यायले १० प्रतिशत रकम लिएको उनले आफैं स्वीकार गरेका छन् । खरिदार उपाध्यायले आफूले चन्द्र फर्निचर उद्योगबाट ७ लाख रुपैयाँ १० प्रतिशत अर्थात् ७० हजार र लुवारकोट कृषि औजार उद्योगबाट ५० हजार रकम लिएको पनि स्वीकार गरेका छन् । योजनाका उपभोक्ता समितिले आफूहरूबाट १० प्रतिशत रकम मागेको गुनासो आएपछि पत्रकारको टोलीले कार्यालयमा गई साधेपछि उनले स्वीकार गरेका हुन् । कार्यालयका खरिदार खेमप्रसाद उपाध्यायले आफूले घुस नभएर उनीहरूले ल्याउनुपर्ने सामान कम ल्याएकाले पछि फिर्ता गर्ने भनेर नगद रुपैयाँ लिएको बताए । असार मसान्तको बेला रकम आएको हुँदा उनीहरूलाई दिनुपर्ने सबै रकम चेकमा दिइयो । पछि नगदमा आफूले लिएको उपाध्यायले बताए । घरेलुबाटै अनुदान लिएका कर्णाली जडीबुटी प्रशोधन उद्योगका अध्यक्ष अजबहादुर गिरीले आफूलाई लेखा खर्च आवश्यक पर्छ भनी कुरा गरे पनि नदिएको बताए । उनले भने, 'घरेलुका कर्मचारीले अनुदानको रकम लिंदा सामान्य लेखा खर्च आवश्यक पर्छ भनेका थिए । पछि भुक्तानी लिंदा म काठमाडौं गएँ । अरूले नै मेरो खातामा रकम जम्मा गरिदिए । मैले उनीहरूलाई दिइनँ ।' घरेलु तथा साना उद्योग विकास समितिका प्रमुख आइती चौधरीले आफूहरूले गलत नियतले रकम नलिएको दाबी गरिन् । घरेलु तथा साना उद्योग विकास समितिद्वारा नरहरिनाथ गाउँपालिकाका चन्द्रसूर्य गार्मेन्ट उद्योगलाई १४ लाख ४० हजार, बिर जल कृषि औजार आरन उद्योगलाई ३ लाख ८०



घरेलु तथा साना उद्योग विकास समिति कालिकोटको कार्यालय ।

बाँकी ८ पेजमा.....

## पक्की पुल अलपत्र

मिसन न्यूज

कालिकोट

कर्णाली राजमार्ग अन्तर्गत जुम्ला-सुर्खेत सडकखण्डमा निर्माणाधीन दर्जनौ पक्की पुल अझै बनेका छैनन् । निर्माण व्यवसायीको लापर्वाहीका कारण पुल अलपत्र परेका हुन् । सडक विभागले ठेक्का दिएका अधिकांश पक्की पुलको निर्माण कार्य ठेकेदारको लापरवाहीले सम्झौताअनुसार काम नभएको हो । समयमै पुल नबन्दा वर्षाले खोला बढेपछि सडक अवरुद्ध हुनुका साथै यातायात सेवासमेत प्रभावित हुने गरेका छन् । २०६८ यता मात्रै राजमार्गमा २५ वटा पुल निर्माणको सम्झौता भएको छ । तर, सम्झौताअनुसार पुल निर्माण भएका छैनन् । ठेकेदारले कालोसूचीमा पर्नबाट बच्न विभिन्न बहाना देखाएर पुल निर्माणको म्याद थपिरहेका छन् ।

डिभिजन सडक कार्यालय जुम्लाका अनुसार कर्णाली राजमार्गको कुवाखोला, कालेखोला, पालतडा, कानेखोला, दहीखोला, पातलेखोला, घट्टेखोला, रतिखोला, छेडाखोला, लोहाखोलामा पुल, बालीघाट, खुलालु, टाकुल्ला पुल निर्माणाधीन अवस्थामा छन् । यस्तै दैलेख, कालिकोट र जुम्ला खण्डमा पक्की पुल निर्माणको जिम्मा लिएका विभिन्न ११ वटा कम्पनीका सञ्चालक सम्पर्कविहीन छन् । विश्व बैंकले गत आर्थिक वर्षमा राजमार्गमा निर्माण भइरहेका पक्की पुलको लागि ७६ करोड रुपैयाँ दिएको थियो । तर बजेटअनुसार काम भएको छैन । निर्माण

बाँकी ८ पेजमा.....

## दुरसञ्चारमा भुमिगत शैलीको आन्दोलन

मिसन न्यूज

सुर्खेत

नेपाल दुरसञ्चार कार्यालय सुर्खेतका कर्मचारीले भुमिगत शैलीमा आन्दोलन गरेका छन् । कर्मचारीले आन्दोलन गरिरहेको दुइ दिनपछि थाहा भएको छ । तिन दिनसम्म टेलिकममा आउने सेवाग्राहीले सेवा नपाएपछि वास्विकता बाहिर आएको हो । कर्मचारी आन्दोलनमा उत्रिएको खबर भने कसैलाई थाहा छैन् । तिन दिनसम्म सेवा बन्द भएको कार्यालय प्रमुखलाई थाहा छ न त सेवाग्राहीलाइ नै ।

टेलिकमबाट ग्राहकले दुई दिनदेखि सेवा नपाएको चौतर्फी गुनासो आएपछि बल्ल बाहिर सार्वजनिक भएको हो । विहिबार देखि नेपाल टेलिकम सुर्खेतमा कार्यरत कर्मचारीले सेवाग्राहीलाई सेवा दिएका छैनन् । कार्यालयको आन्तरिक विबादलाइ लिएर ग्राहकसम्म सेवा प्रभावित भएको छ । सरकारी स्वामित्वमा संचालन भएको दूरसञ्चार सेवा प्रदायक संस्थानले कर्णालीका ग्राहकलाइ समस्यामा पारेको छ । नेपाल दुरसञ्चारको कार्यालय सुर्खेतले हाल जुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सल्यानमा सेवा दिदै आएको छ । तर, दुई दिनदेखि कर्मचारी आन्दोलनमा उत्रिएपछि ग्राहक सेवाबाट बन्चित भएका छन् । कार्यालय प्रमुख नवराज खतिवडाको कार्य सम्पादनमा समस्या आएपछि दुइ दिनदेखि कार्यालय भित्रै आन्दोलनमा उत्रिएका साहायक प्राविधिक अधिकृत कुम्मबहादुर शाहीले बताए । पत्रकार समाचार संकलनको लागि कार्यालयमा आउँदा तिन दिनपछि मात्र माग पुरा हुँदा विबाद सुल्झिएर आन्दोलन फिर्ता गरिएको शाहीले बताए । नेपाल दुरसञ्चारमा तल्लो तहका कर्मचारीको वार्षिक कार्य सम्पादनमा कार्यालय प्रमुखले प्राविधिक सल्लाह नलिएको आरोप



आन्दोलनमा उत्रिएका दुरसञ्चारका कर्मचारी ।

बाँकी ८ पेजमा.....

## भालुको आक्रमण

मिसन न्यूज

कालिकोट

जिल्लाको नरहरिनाथ गाउँपालिका- ९ लालु गडिगाउँमा भालुको आक्रमणबाट एकजना गम्भीर घाइते भएका छन् । आइतबार बेलुका ५ बजे गाउँकै मकै बारीमा गएको बेला स्थानिय कणबिर शाहीलाई भालुले आक्रमण गरेको हो । भालुले आक्रमण गरी गम्भीर घाइते भएका शाहीलाइ स्थानिय स्वास्थ्य संस्थामा उपचार हुन नसकेपछि थप उपचारका लागि सुर्खेत लगिएको वडा अध्यक्ष जोरबहादुर शाहीले बताए । 'शाहीलाई गाउँमा नै भालुले आक्रमण गरेको हो ।' उनले भने, 'शाहीको अवस्था गम्भीर छ । थप उपचार का लागि सुर्खेत लगिएको छ । 'गाउँमा नै भालु पसेको कारण गाउँलेहरु त्रसित भएको वडा अध्यक्ष शाहीले बताए। 'गाउँमा मकै प्रसस्त हुन्छ । मकै खान भालु गाउँमा पसेको हुनुपर्छ ।' उनले भने ,'अहिले गाउँलेहरु निकै त्रसित भएका छन् ।'वडा नं ९ मा घना जंगल भएकाले पनि भालुको वासस्थान रहेको उनले बताए ।

# सम्पादकीय...

## योजनामा पारदर्शीता खै ?

कर्णाली प्रदेश सरकारले विनियोजन गरेका योजना के जुगा हेरेरै विनियोजन गरिएको हो त ? हैन भने, आर्थिक वर्ष सकिएको वेला किन आउँछन अशुभ समाचार ? समृद्ध कर्णाली र सुखारी कर्णालीवासी भनेको नारा त खुबै सदुपयोग भएछ नी ? कर्णाली प्रदेश सरकारले विनियोजन गरेका अधिकांस योजनाहरु जुगा हेर्दै दिदै गरेको त विहानीको घाम जस्तै प्रस्ट छ । यो चाला प्रदेश सरकारले कहिलेसम्म गर्ने हो ? जनशक्ती अभावले काम गर्न सकिएन भनेर पन्छिएको सरकार यसरी कमजोर बन्दै गएको छ । कर्णालीका दशवटै जिल्लामा संचालित योजनाहरुमा पारदर्शिता छैन । कमजोर अनुगमन र आफन्त र आसेपासेलाई सम्वोधन गरिएका योजनाको चौतर्फी आलोचना भईरहेको छ । प्रदेशका मुख्यमन्त्रीको जिल्ला कालिकोटमा त झनै विजोग अवस्था छ । सरकारले आफै विचौलिया तयार बनाएर योजना वितरण गर्नु उचित होइन । कालिकोटमा वितरण गरिएका योजनामा व्यापक आर्थिक दुरुपयोग हुँदा सरकारले नै साथ दिनु भनेको के हो ? हैन भने खै त कार्वाही ? विकास र समृद्धिको यात्रामा लागेको कर्णाली प्रदेशले यसरी खाडलमा डुब्ने र डुवाउने काम गरे कर्णालीको भविश्य माथिनै खेलवाट गरेको हुनेछ ।

यहि गति र मतिले अगाडी बढ्ने हो भने, समृद्ध कर्णाली र सुखारी कर्णालीको सन्देश मुलुक भर नै छाउने पक्का हो त ? हिजोका दिनमा कर्णालीमा बजेटको अभाव र केन्द्र सरकारले हेर्ने नजरमा फरक भनेर भनिएको थियो । तर, संघियताको संरचानाले भरिएपछि बजेट पनि त फालाफाल हुँदा समयमा काम नसक्नु र आर्थिक पारदर्शिता नहुनुले कर्णालीको विकास हुन सकेको छैन । विगतको तुलनामा विकासले कर्णाली केही रुपमा बदलिय पनि पुर्णरुपमा बदलिएको छैन । कर्मचारी, मन्त्री र उपभोक्ताको सेटिङगमा विनियोजन गरिएका योजनामा पारदर्शिताको खाँचो रहेको छ । रोक, भोक, अशिक्षा, गरिबी र अभावले चिनिएको कर्णालीको मुहार फेर्न यस्ता व्यबहारले सम्भव देखिदैन । स्रोत र साधन हुँदाहुँदै फेरी पनि विगतको शैलीले योजना वितरण हुँदा सरकारलाई जनताको प्रश्न खडा भएको छ । गाउँका उपभोक्तादेखि प्रदेशका मन्त्रालयसम्मको अपवित्र गठबन्दन र सेटिङ्ग च्यात् उचि होला । जनताको आवश्यकता भन्दा पनि नेता कार्यकर्ता, कर्मचारी र विचौलियाको सेटिङ्ग भत्काउनु नै राम्रो हुने देखिन्छ । यसरी विचौलियको चंगुलमा कर्णाली प्रदेश सरकार फस्यो भने, के समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको सपना पुरा होला त ? सरकारले गरेको कमजोरी समयमै सुधार गर्न जरुरी देखिन्छ ।

## पहिरो रोकथाम गर्न वृक्षरोपण

मिसन न्यूज

कालिकोट

खाँडाचक्र नगरपालिकाले पहिरो रोकथाम गर्न वृक्षरोपण अभियान शुरु गरेको छ । पहिरो जस्ता प्राकृतिक विपदबाट जोगिनको लागि नगरपालिकाले वृक्षरोपणको अभियान शुरु गरेको हो । बाढीपहिरोबाट हुने क्षतिबाट बच्न वन जोगाऔं अभियान नगरले संचालन गरेको छ । स्थानीय मनसिंह शाहीले बाढीपहिरोबाट बच्न वृक्षरोपणमा लागि परेको बताएका छन् । नगरका अधिकांश वस्तीहरू बाढीपहिरोको जोखिममा छन् । बाढीपहिरोकै कारण हरेक वर्ष हुने जनधनको क्षति नरोकिएपछि वडाले विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा वृक्षरोपण अभियान चलाइरहेको हो ।

भूक्षय, वन विनासका कारण हुने घाटाबाट जोगिन वृक्षरोपण अभियान चलाएको खाँडाचक्र - ५ का वडाध्यक्ष खडानन्द चौलागाईले बताए । वडामा यस वर्ष आठ हजार बोटविरुवा वृक्षरोपण गर्ने लक्ष्य राखिएको छ । अहिले फलफूलका विरुवा तथा उत्तिस, खडिक, बाजका विरुवाहरू रोप्ने काम भइरहेको छ । बालक्लब, युवाक्लब, नागरिक समाज पनि यस अभियानमा जोडिएका छन् । यसले विपद्बाट हुनसक्ने क्षति कम हुनुका साथै वातावरण संरक्षणमा पनि टेवा पुग्ने विश्वास गरिएको छ । वातावरण संरक्षण अभियानका अगुवा राजेश गौतमका अनुसार यस वर्ष मात्र कालीकोट जिल्लाभर ५८ हजार बोटविरुवा रोपेको बताएका छन् । नीति तथा कार्यक्रममा घोषणा गरिए अनुसार, सरकारले पनि यो वर्षलाइ वृक्षरोपण वर्षको रूपमा नै घोषणा गरेर अभियान चलाइरहेको छ । नगरवासीले अचानक आइपर्ने विपद्बाट बच्नका लागि वृक्षरोपण अभियान



संचालन गरिरहेका छन् । मानवअधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) नेपाल कालीकोटद्वारा सञ्चालित वातावरण संरक्षणअन्तर्गत टिडिएच, बिएम, जेट जर्मनको सहयोगमा जिल्लाका नौ वटै स्थानीय तहका प्रत्येक सामुदादिक वनमा वृक्षरोपण अभियानमा संचालन गरिएको हो । वर्षातको समयमा प्रायः पहिरो आउने हुँदा कालिकोटका अधिकांस स्थानीय तहमा वृक्षारोपण अभियान संचालन गरिएको हुरेन्डेकका सचिव दिलिपकुमार शाहीले मिसन न्यूजसँग बताए । पहिरो रोकथामका लागि गाउँगाउँमा स्थानीयलाई सचेतना मुलक कार्यक्रम समेत संचालन गरिएको उनले बताए । वातावरण जोगाउँने अभियानमा कालिकोटका सरोकारवालाले राम्रो साथ दिएको शाहीको भनाइ छ ।


### रास्कोटको सन्देश

**व्यावसायीक एवं प्रतिस्पर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# अवसर नचुकाउ बामपंथीहरू



चित्रसिंह गाउँले

आजको सिंगो देश बामपंथीमय छ। बामपंथी भनेका बसिखाने नभइ गरिखाने वर्गका मान्छेहरु हौं । गरिखाने भन्नुनै निकै ज्यादा श्रम गर्नेहरु हुन। श्रम गर्ने वर्ग आज सत्तामा छ। हाम्रो सत्ता सित्तिमत्ति कसैले हल्लाउनै नसकिने गरेर बलियो समेत छ। यो सत्ता सजिलोसँग प्राप्त भएको हैन र सजिलै गुम्ने र गुम्न दिइने छैन। केन्द्र, प्रदेश र स्थानीय तह तीनवटै सरकारमा हाम्रो बर्चस्व मात्रै हैन निकै पहुँचमा छौं हामी । यधपी निकै मेहनत नागरिकहरुको देशमा बामपंथीहरुको सरकार भैरहदा हामीले देश विकासको गतिलाई कतातिर लिइरहेका छौ ? देश र देशबासीका गतिविधि देख्दा गम्भीर समिक्षा गर्ने समय आइसकेको छ ।

निर्वाचन ताका बामपंथी गठबन्धनले अगाडि सारेका एजेन्डा कम सान्दर्भिक अवश्य थिएनन्। तत्कालीन पार्टीको रुपमा नेकपा( एमाले)अध्यक्ष केपी ओली नेतृत्वको सरकारले देशमा पारेको ताजा छाप जनताको मनमा बिर्सिनै नसकिने गरेर बसिरहेको समयमा बामपंथीको स्थिर सरकार बनेमा देशले विकासमा एकाएक फड्को मार्छ भन्नेमा जनता विश्वस्त थिए। त्यही हुनाले बामपंथी गठबन्धनका चिन्हहरुमा छाप लगाएर मतपेटिकाहरु भरिदिएका थिए जनताले। आज निर्वाचन भएर तीनै तहका सरकार बनेको दुई वर्ष पुगेको र पुग्दै गरेको स्थितिमा एकपटक अरु भन्दा हामी निकै गम्भीर भएर देश र देशबासीको अवस्थाको समिक्षा गर्नु आवश्यक छ। सामाजिक सञ्जालमा सरकार बिरुद्ध अफवाह फैलाउनेहरु मात्रको कुरा नसुन्ने हो भने सरकारले विकासको जग मात्रै बसालेको नभइ पर्खाल पनि खडा गरिसकेको छ। योगदामा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवाती,पूर्व - पश्चिम रेल मार्गको डिपिआर तयार मात्रै नभइ भारत र चिन दुबै देशबाट रेल सेवा सञ्चालनमा आउने स्थिति सुनिश्चित हुनु जस्ता महत्त्वपूर्ण योजनामा सरकारले आशा जगाएको छ । लोडसेडिङ घटेको मात्रै हैन अब अन्त्यको स्थितिमा छ। पेट्रोलियम पदार्थ पाइपलाइनबाटै ल्याएर ढुवानी वापतको ठूलो धनराशि जोगाउने प्रयत्नसँगै दैलेखमा सम्भाव्यता अध्ययन सहित पेट्रोल उत्खनन हुने प्रक्रिया अघि बढ्दैछ। केन्द्र सरकारले समृद्ध नेपाल र सुखी नेपालीको कार्यक्रम कार्यान्वयन गर्न खोजिरहेको छ। प्रदेश सरकारहरुले पनि उत्पादन र आत्मनिर्भरता मार्फत यस अभियानलाई सार्थकता दिन खोजिरहेका छन् नै। स्थानीय तहहरु पनि कुन स्थानीय तहले के कार्यक्रम ल्याएर जनता बिच लोकप्रिय हुने भन्ने होडबाजी नै चलेको छ।

मेरो विचारमा नयाँ नयाँ कार्यक्रम ल्याउन सके भनेर कसैले केवल महिलाको नाममा,कसैले बृद्ध र बालबालिकाको सहानुभूति बटुल्ने र कसैले युवा,दलित वा फरक क्षमताका समुहहरुको छापो पाउने कार्यक्रम तिर ध्यान दिएर पुग्दैन। समग्र देश समृद्धिका लागि सबै तहका सरकारले आम नागरिक र सिंगो बस्ती समृद्धिका योजनामा ध्यान दिन आवश्यक छ। विचरा भेडाबाखा र लोकल कुखुरा मार्फत आत्मनिर्भर बन्न सक्ने कर्णालीका स्थानीय तहमा आज जताततै गाडीमा मात्रै हैन भारी बोकेर कार्टुनका कार्टुन व्वाइलर कुनाकुना पसेको देख्नुपरेको छ । अर्गानिक सिमि र आलु,लसुन,टिमुर लगाएत महत्त्वपूर्ण तरकारी र मसलामा आत्मनिर्भर हुने स्थानीय तहहरुमा सिमाना पारी भारतबाटका सडेको तरकारी पसेको पसेइ छ । मार्सी धानमै आत्मनिर्भर हाम्रा बस्तीहरु सडेको चामलमा पराधिन भएका छन्। दुध,दही,घ्यू,राडीपाखीमा आत्मनिर्भर हुने स्थानीय तहमात्रै नभए र सिंगो प्रदेशले आज अन्य विषयमा भरपर्नु बाध्यता जस्तै किन बन्यो ? हामी सरकारले ल्याउने कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रतिबद्ध भएनौ भने सयौं वर्षसम्म देशमा जस्तोसुकै बामपंथीको सरकार बनेपनि सरकार चलाउनेहरुको गति उभो हुन पाउने छैन। सरकारले स्याउ नै स्याउ फल्ने स्थानीय तहलाई जानेबुझ्रे स्याउ जोन,ओखर नै ओखर हुने स्थानीय तहलाई ओखरजोन,भैंसी पालनमा उपयुक्त स्थानीय तहलाई भैंसी सम्बन्धि कार्यक्रम यस्तै यस्तै विशेषतामा आधारित विशेष कार्यक्रम ल्याएकै छ । यसलाई कसरी प्रभावकारी बनाउने भन्नेमा हामी बामपंथीहरुले नै ध्यान नदिएर लापरबाही गरेको स्थिति छ । प्रदेश तथा केन्द्र सरकारले पार्टी कार्यकर्ताहरुको विश्वास र स्थानीय सरकारको भरमा विशेष उत्पादन र पूर्वाधार निर्माणका कार्यक्रममा बजेट दिने तर तिनको कार्यान्वयनमा लापरबाही हुने स्थिति आएमा देश बन्दैन। पूर्वाधार निर्माणका सडकका लागि आउने बजेट उपभोक्ता मार्फत गरिदा त्यसैमा व्यवास्ता गर्ने र टेण्डर मार्फत डोजरद्वारा गरिदापनि लापरबाही भएर नेपालको लगानी इराकको तेललाइ हुने स्थिति छ । पूर्वाधार बिनाका उत्पादन केन्द्रित कार्यक्रमहरु पनि कृषि होस् या पशुपालन तर्फ जुनसुकै कार्यक्रम प्रभावकारी कार्यान्वयन बिना अनियमितताको कारण उत्पादन देखिएर आम समुदायको आर्थिक समृद्धि देखिने भन्दापनि निश्चित व्यक्तिहरुका शहरमा महल ठडिने कार्यक्रम बन्ने स्थिति छ।

यस्तै हुँदै जाने हो भने सरकार मार्फत लोकप्रिय कार्यक्रम तय भएर मात्रै नपुग्ने हुन्छ। चाहे बामपंथी अझै भन्ने हो भने सत्तारूढ नेकपाकै नेता कार्यकर्ता अगुवा भएर कुनै योजना अघि बढ्दैछन् भने उदाहरणीय रुपमा सम्पन्न हुन सके भने मात्रै सरकार र पार्टीलाई सहयोग भएको मानिनेछ। हैनभने सरकारको सुखी नेपाली र समृद्ध नेपालको कार्यक्रमलाइ घाममा सुकाउने काम हामी बामपंथीहरु बाटै हुनेछ । यसले गर्दा हामीले ज्यानको बलिदानका साथ हजारौं सहिद बनाएर ल्याएको व्यवस्था र पाएको अवसर हामी आफ्नै कारण गुम्न पुग्नेछ । यो स्थितिको गम्भीरतापूर्वक समिक्षा सहित निराकरण आजको मुख्य आवश्यकता हो भन्ने बुझ्न अबेर गर्नु हुँदैन । अबको सन्दर्भमा सिंगो नेकपा पार्टी पङ्तीले प्रत्येक स्थानीय वडा तहदेखि केन्द्र सरकार सम्मका सानादेखि राष्ट्रिय गौरवका योजना समेतमा छनौटदेखि कार्यान्वयन प्रक्रिया सम्म हस्तक्षेपकारी भूमिका निभाउन विलम्ब गर्न मिल्दैन। व्यक्ति सँगका सम्बन्धका कारण स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्र सम्मका जनप्रतिनिधि र नेताहरुका डेरा घेरेका कारण योजना पाउने र बजेट दुरुपयोग गर्ने परिपाटीको अन्त्य गर्नु जरुरी छ । नेतृत्व र जनप्रतिनिधिहरुलाइ काँधमा चढाए वापत चुनावमा समेत सहयोग नगरेका अझै भन्ने हो भने गुन्डागर्दी र घुसखोरी समेतका माहिर उच्च घरानाका पुजीवादीहरुले सेवा र अवसर पाएर आफुलाइ सत्तासिन गराउने वर्गलाई बिर्सने स्थिति बन्यो यसको क्षति सामना गर्न असम्भव हुनेछ भन्ने सामान्य कार्यकर्ता समेतले बुझ्न उचित छ । देशमा आफ्नो शाषणकालमा भैरहेका बेथिति प्रति आखाँ चिम्लिदा पछिल्लो समयमा कांग्रेस समेतले सत्ताबाट हात धोएको विषय हामीले यतिचाँडै बिर्सनु हुँदैन। यधपी खुट्टामा मोजा समेत बदल्न नसक्ने स्थिति रहञ्जेल पार्टीमा दिलो ज्यान दिएका इमान्दार कार्यकर्ता पनि धनदेखे महादेव का तीन नेत्र भनेझैं सेवा र सुविधामा चुकेर रातो कलम र गरिमामय ओहदाको दुरुपयोग गर्न पुगेको देख्नु परेको अवस्था छ। त्याग र बलिदानमा यतिठूलो इतिहास भएको हाम्रो केन्द्र सरकार र केन्द्र पार्टी नेतृत्व अनि हाम्रो पार्टीको गौरवपूर्ण इतिहासलाइ सुरक्षित राख्दै आगामी दिनमा अन्य कुनैपनि शक्तिले शिर ठाडो पार्न नसक्ने गरि देश र जनताको सुख्ख र समृद्धिमा योगदान गर्न बामपंथी शक्ति सचेत र थप इमानदार बनौं। ताकि आफ्नै पार्टी र पार्टी नेतृत्वबाट अभिभावकीय भूमिकामा कमी रहेका कारण जनप्रीय काम गर्न नसकेको भान जनप्रतिनिधिमा नपरोस् । जनप्रतिनिधिहरुले सकभर मातृ पार्टीको अभिभावकीय भूमिका नरहँदापनि जनताको मनमा बस्नेगरी काम गर्न सफलता पाइरहुन ।

जताततै योजना अघिसार्दै सुनारखोलामा गाडी जाम हुने गरेजस्तै जाममा र पान्तडीको बेलीब्रिज निर्माणको कामजस्तै अन्यौलमा पर्ने स्थिति कहीँकतैका जनप्रतिनिधिमा रहनु हुँदैन। कालिकोटकै पलाँतामा अध्यक्ष लक्ष्मण बमले हाँके जस्तै नेतृत्व हाँक्दै विशेषगरी सबैसँगको विशेष सहकार्यमा देश सञ्चालन गरौं । देश र पार्टी उभो लाग्न मुख्यगरी हामी र हाम्रा गतिविधि श्रमको सम्मान गर्ने र सरकार तथा पार्टीले अघि सारेका नीति तथा कार्यक्रमलाइ बिना स्वार्थ कार्यान्वयन गर्ने इच्छाशक्ति विकास हुन जरुरी छ। यसो हुन नसकेर हामीमा पनि पञ्चे र कांग्रेसी कार्यकरता पनको लत बस्दै गएर पार्टी नेतृत्वपनि यसैमा स्याबासी दिन थाल्यो भने इतिहासले हामीलाई दिएको अवसर फेरि खोजेर नभेटिने गरि हराउन बेर छैन। यसको असर सत्तारूढ नेकपा मात्रैले नभइ अहिले फेरि एकीकृत जनक्रान्ति को नाराका साथ अघि बढेका विप्लव देखि नेपालका सबै बामपंथी शक्तिले खेप्नुपर्ने हुन्छ । यसर्थ परिवर्तनका हरेक आन्दोलन र युद्धबाट प्राप्त उपलब्धिलाई रक्षा गर्ने मुख्य जिम्मेवारी हामी आफ्नो हो भन्ने ठान्दै व्यक्ति व्यक्तिको समृद्धितर्फ नभइ देश समृद्धिको यात्रामा हामी बामपंथीहरुको सच्चा अगुवाइ स्थापित गरौं । **(लेखक नेकपा कालीकोटका नेता हुन ।)**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।**

**२. साझँ पख सधै ज्वरो आउनु ।**

**३. खाना खान मन नलाग्नु ।**

**४. तौल(वजन) घट्नु ।**

**५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।**

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**

# त्रिवेणी र बडिमालिकामा तिर्थालुको भिड

मिसन न्युज
कालिकोट

कालिकोट अछाम र बाजुराको सिमानामा रहेको बडिमालिका दर्शनका लागि यात्रुहरू देश र विदेशबाट त्रिवेणी र बडिमालिमामा जान भिड लागेका छन् । साउन जनैपूर्णिमा अघिल्लो दिन बडिमालिकामा लाग्ने पूजा मेलाका लागि दर्शनार्थीहरू त्यसतर्फ लागेका हुन् । समुद्री सतहदेखि ४ हजार २ सय १६ मिटर उचाईमा रहेका बडीमालिका पुग्न सात दिनको पैदल यात्रामा हजारौं भक्तालुहरू यात्रामा निस्किएका छन् । झरी होस् कि जाडो तीर्थालुहरू मौसमको खासै परवाह नगरी दर्शनका लागि त्यसतर्फ लागेका छन् । प्रत्येक वर्ष जनैपूर्णिमाको अघिल्लो दिन लाग्ने बडिमालिका मेलालाई यो वर्ष भव्य र व्यवस्थित बनाइने भएको छ । साउन ३० गतेका दिन हुने बडिमालिका माईको पूजाको सम्पूर्ण तयारी पूरा हुने चरणमा पुगेको छ । पूजाका लागि जुम्ला र डोटी जिल्ला प्रशासन कार्यालयबाट प्रसादसहित हप्ता दिनअघि त्यहाँका सरकारी टोली बडिमालिका प्रस्थान गरिसकेका छन् । त्यहाँका सरकारी टोलीले देशमा कुनै अनिष्ट नहोस् भनेर भेटी चढाउने छन् । बडिमालिका माईको दर्शनका लागि देश विदेशबाट पनि तीर्थयात्री पुग्ने गर्दछन् । विशेष गरी बाजुरा, बझाङ, अछाम, डोटी, डडेल्धुरा, बैतडी, हुम्ला, जुम्ला र कालिकोटबाट तीथार्लु पुग्ने गर्दछन् ।



बडीमालिका मन्दीरमा दर्शालुको भिड ।

**बडिमालिका स्वर्गको टुक्रा**

काठमाडौं, भारतको गडवाल लगायतका ठाउँबाट पनि दर्शनार्थी आउने गरेको मेला समितिले जनाएको छ । बडिमालिका माईको पूजा गर्दा र वर मागदा चाहेको कुरा पूरा हुने विश्वास रहेको छ । जनैपूर्णीमाका दिन गरिने पूजाका लागि १५ दिन अघि देखि नै तयारी गर्ने चलन रहेको कालिकोट सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए । 'बडिमालिका नेपालकै स्वर्गको टुक्राकै रुपमा रहेको छ' उनले भने,-'बडिमालिका माइको पूजा गर्दा र वर माग्दा चाहेको कुरा पूरा हुने जनविश्वास रहेको छ ।' बडिमालिका भगवतीको दर्शन गर्नुपूर्व त्रिवेणी धामको पवित्र जलमा स्नान गरी, पाप पखाल्ने र एक बास त्रिवेणीमै बसेर शुद्ध मन लिएर मात्र जाने चलन रहेको छ । बडिमालिकामाइको दर्शन गर्नाले मनले मागेको कुरा पूरा हुने र जीवनको हरेक पाइलामा साथ पाइने धार्मिक विश्वास रहेको छ । जनैपूर्णिको अघिल्लो दिन चतुर्दशीका दिन बडिमालिकालगायत जिल्लाका बढालेक, बुढीनन्दा, दुनालेक, शाहिमाडौं, भवानीमाण्डौ लगायतका क्षेत्रमा रहेका भगवतीका मन्दिरमा एकैसाथ पूजा गरिने गरिन्छ ।

**बडिमालिका सुन्दरता**

यो क्षेत्रको धार्मिक महत्व मात्र नभई १४० भन्दा बढी जातका फूल, १३० जातका जडीबुटी, ७० भन्दा बढी प्रकारका चरा, ६ महिना चरा चराउनका लागि उपयुक्त रहेका २२ वटा घाँसे मैदान, तीनवटा नदीको संगम रहेको पवित्र धाम त्रिवेणी र दर्जनौ देशका जिल्लाहरूलाई नियाल्न सकिने अग्ला अग्ला हिमश्रृंखलाहरू बडीमालिका मा मन लोभ्याउने प्रमुख विषेशता रहेका छन् । धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्वको गहना बडिमालिका क्षेत्रको विकासका लागि सरकारी पहल भने अझै भएको पाइँदैन । ३ वर्ष पहिले वन संरक्षित क्षेत्रको रुपमा घोषणा गरेपछि त्यसको कार्यान्वन भएको छैन् । यस वर्षको जनैपूर्णिमा विशेष महत्वका साथ मनाइने खबरसँगै दर्शनार्थीहरू पनि निकै उत्साहित छन् ।

**मनमोहक फाँट**

त्यति अग्लो भूमिमा दर्जनौं समथर फाँटहरू, ढपक्कै धर्ती ढाकेर फूल्ने फूलहरूले मन नलोभ्याउँछन् । हरिया पाटनमाथि सेताम्मे भेडाका बथानहरू, डाँफे, मुनालजस्ता चरा, कस्तुरी र झारल देख्न सकिन्छ । मागेको वरदान पूरा हुन्छ भन्ने विश्वासले बडीमालिकाको धार्मिक महिमा ठूलो छ । हरियाली फाँट, त्यसमाथि फूलेका रंगीबिरंगी फूलहरू निकै मोहक र आकर्षक देखिन्छन् । यहाँ डाँफेमुनाल कस्तुरी, मृग घोरललगायत चरा र जनावरहरू पाइन्छन् ।

**सत्यदेवीको अंग पतनको विश्वास**

किम्वदन्ती अनुसार दक्ष प्रजापतिको यज्ञमा अर्धांगिनी सत्यदेवी होमिएर देहत्याग गरसिकेपछि महादेवले सत्यदेवीको मृत शरीरलाई बोकेर पदयात्रा गर्दै जाँदा मल्लागिरी पर्वमा सत्यदेवीको अंग पतन भएपछि मालिकादेवी उत्पत्ति भई बडिमालिका एक प्रमुख शक्तिपीठका रूपमा स्थापित भएको भन्ने किम्वदन्ती रहेको छ ।

**पर्यटकीय सम्भावना युक्त त्रिवेणी पाटन**

कालिकोटको सान्नी त्रिवेणी गाउँपालिकाको मुम्रा लेकमा पर्ने त्रिवेणी पाटन पर्यटकिय सम्भावना बोकेको क्षेत्र हो । यो कालिकोट र बाजुरा

बाँकी ८ पेजमा.....

**स्वास्थ्य सन्देश**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप नियन्त्रणको सूचना**

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाका
,कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

तिलागुफा नगरपालिका
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# काँक्रेविहारमा दरुवाको तोडफोड

मिसन न्यूज
सुर्खेत

राष्ट्रिय सम्पदाको सुचिमा रहेको काँक्रेविहारमा दरुवा अज्ञात समुहले तोडफोड गरेका छन् । कर्णाली प्रदेशको राजधानी सुर्खेत स्थित लाटिकोइलीमा रहेको काँक्रेविहारमा अज्ञात समुहले तोडफोड गरेका हुन् । मंगलबार राति काँक्रेविहारको मुल गेटमा रहेको मन्दीरमा तोडफोड गरिएको हो । मन्दीरमाको झ्यालमा लगाइएको सिसा सवै फुटेका छन् । मन्दिर वरीपोरी रोपीएका फुलका विरुवा समेत उखेलेर केहि काटेर नष्ट गरिएका छन् । मन्दीरमा अज्ञात समुहले तोडफोड गरेको भएपनि स्थानीय प्रशासन भने मौन रहेको छ । तर, मन्दीरमा आक्रमण भएको थाहा पाएपछि स्थानीय बावुकृष्ण श्रेष्ठको मन निकै दुखेको छ । विगतका वर्षदेखिनै श्रेष्ठले मन्दीरको संरक्षणमा ध्यान दिदै आएका छन् । नगरपालिका र वडाको सहयोग नलिएरै निस्वार्थपुण रुपमा उनले मन्दीरको संरक्षण गर्दै आएका हुन् । उनले मन्दीर आसपासमा रोपेका


सुर्खेतको लाटिकोइलीमा तोडफोड गरिएको काँक्रेविहार मन्दीर ।

फुल अज्ञात सहुहले जथाभावि काटेर फाले पछि निराश भएका छन् । दृश्यावोलोकनका लागि काँक्रेविहारको महत्व निकै बढिरहको समयमा अज्ञात समुहले तोडफोड गर्नु निकै नराम्रो काम भएको स्थानीयले बताएका छन् । मन्दीरमा कार्यरत कर्मचारी विक्रम विसीले आफुहरु नभएको समयमा गाजाँ खाने र दारु सेवन गर्ने समुहले तोडफोड गरेको बताए । अज्ञात समुहले मन्दीरमाथि अमानविय ढंगले आक्रमण गर्नु दुःखको कुरा भएको यहाँ आउने पर्यटक बताए छन् । काँक्रेविहारलाई व्यवस्थित रुपमा संरक्षण गरिएको छैन । पुरातत्व विभागले काँक्रेविहार पुनर्निर्माणका लागि ३ वर्षभित्र काम सक्नेगरी २०७२ सालमा काठमाडौंको सिद्धबाबा कन्स्ट्रूक्शन प्रालिलाई पौने १० करोडमा ठेक्का दिएको थियो । पुनर्निर्माणमा थपिएको सम्झौता समयावधि सकिनै लाग्दा समेत ठेकेदार कम्पनीले काम सकेको छैन । काँक्रेविहारमा दैनिक सरदर २ सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । तर पिउने पानी, शौचालय जस्ता पूर्वाधार नहुँदा उनीहरू मर्कामा परेका छन् । राजधानी वीरेन्द्रनगरदेखि करीब साढे ३ किलोमिटर दक्षिणतर्फ रहेको काँक्रेविहार १८९० सालको भूकम्पले भत्किएपछि भग्नावशेषको रूपमा रहेको छ । काँक्रेविहारको भग्नावशेषलाई हेर्दा उत्कृष्ट शिल्पकारी कारीगरको नमुना देख्न पाइन्छ । विभिन्न आकारमा रहेका ढुङ्गाहरुमा विभिन्न प्रकारका बुट्टाहरु कुँदीएका छन् । काँक्रेविहारमा बुद्धको मुर्ति पाउनु र स्थानको नाममा पछाडी विहार जोडिएबाट भग्नावशेष भगवान बुद्धसँग सम्बन्धित मानिएको अनुमान गरिएको छ । विक्रम सम्वत् १३२५ मा सिँजा साम्राज्यका राजा अशोक चल्लले काँक्रेविहार निर्माण गरेका हुन् । काँक्रेविहारको निर्माण १३

बाँकी ८ पेजमा.....

# बजेट पेश गर्न मन्त्रालयलाई लेखाको निर्देशन

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेश सभाको सार्वजनिक लेखा समितिले प्रदेश सरकारसंग गत आर्थिक बर्षको खर्च विवरण पेश गर्न निर्देशन दिएको छ । सरकारले गत आर्थिक बर्षमा प्रदेश सरकारले जारी गरेको खर्च मापदण्ड विपरित बजेट खर्च भएको, सरकारको खर्च पारदर्शी नभएको र योजनाहरुको प्रगती नदेखिएकोले समितिले सरकारलाई खर्च विवरण बुझाउन निर्देशन दिएको समितिका अध्यक्ष दिनबन्धु श्रेष्ठले बताए । 'कर्णाली सरकारका सबै मन्त्रालयहरुलाई आर्थिक बर्ष २०७५/०७६ मा गरेको खर्च विवरण पेश गर्न निर्देश्न दिइएको हो' अध्यक्ष श्रेष्ठले भने । सरकारको अनियन्त्रित बजेट खर्च रोकी सरकानरलाई पारदर्शी र जवाफदेही बनाउन समितिले खर्च विवरण माग गरेको उनले बताए । नागरि



कहरुमा चर्चामा रहेको र आम सञ्चारका माध्यममा आएका खवरहरुको पुष्ट्याइँका लागि पनि सरकारसंग खर्च विवरण मागिएको उनको भनाई छ । कर्णाली सरकारले गत आर्थिक बर्षमा गरेको खर्चको विवरण अध्ययन गर्न सार्वजनिक लेखा समितिले तीन सदस्यीय उपसमिति पनि गठन गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । नेकपा सांसद करवीर शाहीको संयोजकत्वमा गठित उपसमितिमा सांसद गोपाल शर्मा र झोवा बि.क सदस्य रहेका छन् । उप समितिले प्रदशेका सबै मन्त्रालयलाई साउन मसान्तभित्र गत आर्थिक बर्षको बजेट खर्च र प्रगती विवरण पेश गर्न निर्देशन दिइएको संयोजक करवीर शाहीले बताए । कर्णाली प्रदेश सरकारका सबै मन्त्रालयको बजेट खर्च र प्रगती तथा भौतिक पूर्वाधार बिकास मन्त्रालयबाट भएका सडक, पुल लगायतका योजनाको डिपीआर र सर्भे गरिएका योजनाहरुको विवरण माग गरिएको उनको भनाई छ । 'सरकारको बार्षिक बिकास बजेट खर्च प्रतिशत, बिकास बजेट रकमान्तरको अवस्था तथा भौतिक प्रगतीको अवस्थाका बारेमा विवरण माग गरिएको छ' उनले भने, 'साउन महिनाभित्र सबै मन्त्रालयले विवरण पेश गरे पछि उपसमितिले अध्ययन गरी प्रतिवेदन तयार पार्ने छ ।' गत आर्थिक बर्षमा कर्णाली प्रदेश सरकारले जम्मा ३५ प्रतिशत बजेट खर्च गरेको थियो । सरकार

बाँकी ८ पेजमा.....

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# अनुदानले व्यवसायी उत्साहित

**मिसन न्यूज**
**रुकुम**

परम्परागत रुपले कृषि, पशु तथा कुखुरापालन गर्दै आएका कृषकहरु पछिल्लो समय सरकारबाट अनुदान पाउन थालेपछि व्यवसायिक बन्न सुरु गरेका छन्। आफ्नो थोरै लगानीले ठूलो व्यवसाय सञ्चालन गर्न नसकिने भन्दै चिन्तित बनेकाहरुका लागि सरकारी अनुदान उत्साह, हौसला र प्रेरणाको महत्वपूर्ण पाटो बनेको हो।



मुसिकोट नगरपालिका -४ ठाराढुंगामा यसअघि आफ्नो व्यक्तित रुपमा लेयर्स कुखुरा पालन गर्दै आउनुभएका दिपकराज खड्का अहिले कर्णाली प्रदेश सरकारबाट अनुदान पाएपछि सामुहिक रुपमा फर्म दर्ता गरेर व्यवसायिक यात्राको थालनी गर्नुभएको छ। मुसिकोट एग्रो फार्म नेपालको नामबाट करिब ३२ लाख रुपियाँ लगानीमा लेयर्स कुखुरापालन व्यवसाय सञ्चालन गरिएको खड्काले बताए। प्रदेश सरकारको कृषि मन्त्रालय अन्तर्गत पशुसेवा विज्ञ केन्द्र रुकुम पश्चिमबाट १२ लाख ८९ हजार रुपियाँ अनुदान पाएपछि र फार्मको तर्फबाट १९ लाख सातहजार रुपियाँ लगानी थप गरेर व्यवसाय अगाडि बढाइएको हो। उहाँ लगायत स्थानीय पाँचजना युवाहरुले यसमा लगानी गर्नुभएको छ। 'आफ्नो मात्रै लगानी हुँदा यसको पूर्ण कार्यान्वयनमा लापरवाही समेत हुन सक्छ।' व्यवस्थापक खड्काले भन्नुभयो,'सरकारको अनुदान पाउँदा नियमित अनुगमन समेत हुने भएकोले मापदण्ड अनुसार बजेट कार्यान्वयन गरेर लाभ हासिल गर्न सकिने रहेछ।' यस रकमले तीनवटा खोर निर्माण, औजार उपकरण, कुखुराका चल्ला तथा दाना खरिद लगायतको काम गरिएको छ। फार्ममा अहिले पाँचहजार ६०० कुखुराहरु रहेकोमा धेरैले अण्डा दिन सुरु गरिसकेका छन्। अबको दुई महिनापछि दैनिक पाँचहजार कुखुराले अण्डा दिने फार्मले जनाएको छ। अहिले दैनिक २४ हजार रुपियाँको दाना मात्र खर्च हुने र आठहजार रुपियाँ मात्र आम्दानी हुने गरेको फार्मका व्यवस्थापक खड्काले बताउनुभयो।

यसबाहेक मासिक १२ हजार रुपियाँ पारिश्रमिक लिने दुईजना कर्मचारीहरु समेत राखिएको उहाँको भनाइ छ। अझै केही महिना घाटामै भएपनि त्यसपछिका महिनामा दैनिक ५० हजार रुपियाँभन्दा बढि आम्दान हुने अपेक्षा गरिएको छ। सरकारको अनुदान प्राप्त गरेपछि आफूहरुको समेत लगानी थप गरी स्थानीय स्तरमै दाना उद्योग गर्ने तयारी समेत गरिएको खड्काले बताउनुभयो। गोरखापत्रअनलाईनबाट

# बच्चा अस्पतालमा जन्माए तीन हजार

**मिसन न्यूज**
**जुम्ला**

जिल्लाको पातारासी गाउँपालिकाले अस्पतालमा सुत्केरी गराए बच्चाको नाममा तीन हजार रुपैयाँ प्रदान गर्ने नीति लिएको छ। चालू आर्थिक वर्ष पातारासी गाउँपालिकामा शिशु मृत्युदर शून्य बनाउने उद्देश्यअनुरूप यस्तो नीति लिइएको हो। पातारासी गाउँपालिकामा अहिले पनि ४५ प्रतिशत महिला घरमै सुत्केरी हुने गरेका छन्। परम्परागत सोचाइ, अन्धविश्वास र रुढीवादी चिन्तनका कारण उनीहरू अझै घरमै सुत्केरी हुन बाध्य बनेका हुन्। स्वास्थ्य शिक्षा अभावले महिला घरमै सुत्केरी गरेको स्वास्थ्य स्वयंसेविका बताउँछन्। ५५ प्रतिशत महिला स्वास्थ्य संस्थामा आएर सुत्केरी हुने गरेको पातारासी गाउँपालिका स्वास्थ्य शाखा सहसंयोजक रतन बुढथापाले जानकारी दिए।



गाउँपालिकाले घरमा हुने सुत्केरी र बाल मृत्युदर शून्य बनाउने अभियान सुरुवात गर्ने गाउँपालिका अध्यक्ष लछिमन बोहोराको भनाइ छ। अझै ग्रामीण क्षेत्रका महिला स्वास्थ्य संस्थामा सुत्केरी हुन असहज मान्ने, स्वास्थ्य-संस्थामा सुत्केरी गराउन लैजाँदा बाटोमै भए फर्काएर घर लैजाने चलन रहेकाले घरमा हुने सुत्केरीलाई शून्यमा पुऱ्याउने अभियानलाई प्राथमिकता दिइएको गाउँपालिकाले जनाएको छ। महिला शारीरिक रूपले पनि कमजोर हुने भएकाले उनीहरूको स्वास्थ्य सुधारका लागि यस्तो प्रयासअघि सारिएको गाउँपालिका अध्यक्ष बोहोरा बताउँछन्। 'हाम्रा दिदीबहिनी, छोरी, बुहारीको स्वास्थ्यप्रति सजग छौं,' उनले भने, 'त्यसैले घरमा हुने सुत्केरी शून्य गाउँपालिका घोषणाको काममा लागेका छौं।' गाउँपालिकाअन्तर्गत चार स्वास्थ्य संस्थामध्ये दुई वटामा बर्थिङ सेन्टर सञ्चालनमा रहेको बताउँदै पट्मारा र पातारासी स्वास्थ्य चौकीमा साउनबाट सेन्टर सञ्चालन भइसकेको छ। घरमा हुने सुत्केरी शून्यमा झार्न सबै स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना गरिने उनको भनाइ छ। प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढथापाले घरमा हुने सुत्केरी तथा बाल मृत्युदर शून्य बनाउने अभियान सुरुवात गाउँपालिकाले गरेको जानकरी दिए। उनका अनुसार स्वास्थ्य संस्थामा बच्चा जन्माए गाउँपालिकाका तर्फबाट तीन हजार रुपैयाँ बच्चाको नाममा जम्मा गरिनेछ।मातृ मुत्युदर कम गर्न र स्वास्थ्य संस्थामै सुत्केरी गराउने संस्कार बसाल्न तीन हजार गाउँपालिका र तीन हजार अभिभावकले बच्चाको नाममा जम्मा गर्नुपर्ने नीति लिएको हो।अभियान सफल पार्नका लागि तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ।

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइ दए पछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

# सांसदको सुझावमा समायोजन ऐन संशोधन

मिसन न्यूज

काठमाडौं

सरकारले कर्मचारी समायोजन ऐनविपरित संघीय निजामती सेवा विधेयक तयार पारेको भन्दै संशोधन गर्नुपर्ने आवाज संसदीय समितिमा उठेको छ। मंगलबारको राज्यव्यवस्था समितिको बैठकमा संघीय निजामती सेवा विधेयक र समायोजन ऐन बाझिएको दाबी गर्दै संशोधन गर्नुपर्ने आवाज संसदीय समितिमा उठेको हो। सांसद महेश्वर गहतराजले समायोजन ऐनविपरित विधेयक किन तयार पारियो भनेर प्रश्न गरे । उनले भने, 'प्रदेश मन्त्रालयको सचिव संघकै हुने हो भने समायोजन ऐन नै संशोधन गर्नुपर्छ।' संघीय निजामती सेवा विधेयकको दफा १२३ मा प्रदेश प्रमुख सचिव प्रदेश मन्त्रालयको सचिव संघीय निजामती सेवाको हुने व्यवस्था छ। यद्यपि संघीय निजामती ऐन बनिनसके पनि समायोजन ऐनअनुसार कर्मचारीहरु प्रदेश र स्थानीय तहमा खटाइएका छन्।



**सरकार र सांसदबीच मत बाझियो**

मंगलबार राज्यव्यवस्था समितिको बैठकमा प्रदेशको मुख्य सचिव र मन्त्रालयको सचिव संघको हुने कि प्रदेशको भन्नेमा सरकार र सांसदहरुबीच मत बाझियो। छलफलको क्रममा सांसदहरु रेखा शर्मा, यशोदा सुवेदी, दिलेन्द्र प्रसाद बडु, महेश्वर गहतराज र प्रेम सुवालले प्रमुख सचिव संघीय निजामती सेवाको हुने भए पनि प्रदेश मन्त्रालयको सचिव प्रदेश निजामती सेवाकै हुनुपर्ने अडान राखे। नेकपाका सांसद नवराज सिलवालले भने प्रदेश मन्त्रालयका सचिव पनि संघबाटै पठाउन सकिने बताए। बैठकमा यस्तो मत राख्ने सिलवाल एक्ला सांसद बने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित भने आफ्नो पूर्वअडानमा कायमै रहे। उनले अन्तर सम्बन्धलाई ध्यान दिँदै सरकारले प्रदेश प्रमुख सचिव र प्रदेश मन्त्रालयको सचिव संघीय निजामती सेवाको हुने भनेर व्यवस्था गरिएको तर्क गरे। 'सचिवले जहाँ काम गरेको छ, त्यहीँ जवाफदेही हुनुपर्छ। मूल्यांकन पनि तत्तत् ठाउँबाटै हुन्छ। तर प्रदेश प्रमुख सचिव र मन्त्रालयको सचिव संघीय निजामती सेवाको हुने व्यवस्थाले प्रदेशको अधिकारमाथि कुठाराघात गरेको, प्रदेशलाई अविश्वास गरेको हुँदै होइन।' छिमेकी भारतमा पनि प्रदेशमा ६५ प्रतिशत कर्मचारी संघको हुने व्यवस्था रहेको बताउँदै उनले भने, 'हामीले त त्यस्तो गरेका छैनौं नि।' मन्त्रालयका सचिव यादव कोइरालाले पनि तीन तहका सरकारको अन्तरसम्बन्ध कायम राख्न प्रदेश र प्रदेश मन्त्रालयको सचिव संघीय निजामती सेवाकै हुनुपर्ने तर्क गरे। संघीय निजामती सेवा विधेयकको दफा १२४ मा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत पनि संघको हुनुपर्ने व्यवस्था छ। सांसदहरुले यसमा पनि विरोध जनाएका छन्।

# सोनिया गान्धी अन्तरिम अध्यक्ष

एजेन्सी

नयाँदिल्ली

भारतको राजनीतिक वृत्तमा अचानक कंग्रेसका पूर्व अध्यक्ष सोनिया गान्धीलाई सो पार्टीको अन्तरिम अध्यक्ष नियुक्त गरिएको छ। दुई महिना भन्दा लामो समयको अनिश्चिततापछि उनको नियुक्ति भएको हो। गत २५ मेमा राहुल गान्धीले राजिनामा दिए पश्चात सो पद खाली भएको हो। लामो समय सम्म पार्टी अध्यक्षको अनुभव संगालेकी सोनियाले यसै वर्षको शुरुमा भएको लोकसभामा प्रधानमन्त्री नरेन्द्र मोदीको भारतिय जनता पार्टीसंग कंग्रेस नराम्ररी पराजित भएयता पार्टीको जिम्मेवारी समहाल्न लागेकी हुन्। लोकसभा चुनावमा कंग्रसको यो लगातार दोश्रो पराजय हो।



पार्टी भित्रै कुनै पनि गान्धी परिवार बाहिरका व्यक्तिलाई अध्यक्ष बनाउन सहमति हुन नसकनु तथा आफुले अध्यक्ष पदबाट राजिनामा दिएपछि राहुल गान्धीले पार्टीको उच्च स्तरिय नेतृत्वलाई भावी नेता आफ्नो परिवार बाहिरका हुनु पर्ने बताएका कारण पनि सोनियाको चयनलाई राजनीतिक विश्लेषकहरुले महत्वपूर्ण ढंगले हेरका छन्। पार्टीको गोप्य तथा महत्वपूर्ण बैठक सकिएपछि कंग्रेसका महासचिव के सि वेनुगोपालले पत्रकारहरुलाई बताएका छन्, ' अखिल भारतिय कंग्रेस समिती ( एआइसिसि) ले नियमित अध्यक्षको चुनाव कार्य पूरा गरि नसेकाले पार्टीको केन्द्रिय कार्य समिती ( सिडब्ल्युसि ) ले सोनिया गान्धीलाई अन्तरिम अध्यक्ष बनिदिन अनुरोध गर्नेबारे सर्वसम्मतमा निर्णय गरेको हो। कंग्रेसका प्रमुख प्रवक्ता रणदिप सिंह सुर्जेवालाले सिडब्ल्युसिका सदस्यहरुले अनुभवी सोनिया गान्धीलाई अन्तरिम अध्यक्ष बनाउन कसरी सलला दिए भन्नेबारेमा स्पष्ट पारेका छन्। सिडब्ल्युसिको बैठकमा सहागिता जनाएका एकजना वरिष्ठ नेताले नाम नखुलाउने शर्तमा भनेका छन्,' सम्पूर्ण पाँचैवटा क्षेत्रमा आधारित समुहले सर्वसम्मतले राहुल गान्धीलाई नै अध्यक्षतामा निरन्तरता दिइनुपर्नेबारे सहमति भएको थियो। हाल जारी रहेको जमु तथा काशिमरको समस्याबारे छलफल गर्न करिब एक घन्टा सो बैठकमा सहभागि हुन आइपुगेका राहुल गान्धीलाई केहि सदस्यहरुले सिडब्ल्युसिको दृष्किोणबारे जानकारी गराएका थिए। अन्तत राहुल गान्धीले आफ्नो निर्णय नबदल्ने यकिन गरियो। त्यहिवेला एकजना वरिष्ठ नेताले सोनिया गान्धीके नाम प्रस्तावित गरे।

# साताको भाग्यफल

| राशि | भाग्यफल |
|---|---|
| मेष : | यो सातामा ढिलै भए पनि काम सम्पन्न हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। आतिथ्यपूर्ण सम्मान पाइएला। व्यावसायिक कार्यमा राम्रै फड्को मार्न सकिनेछ। पारिवारिक सद्भाव बढ्नेछ। रोजगारको अवसर पनि मिल्नेछ। |
| वृष : | यो सातामा चिताएको कामले तीव्रता लिनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ। विश्वासपात्रले प्रायस काममा साथ दिनेछन्। छोटो यात्रा सफल नै हुन्छ। समाजमा कुरा काट्नेको सङ्ख्या बढे पनि दाजुभाइले राम्रो सहयोग गर्नेछन्। |
| मिथुन : | प्रारम्भमा विभिन्न अवसर प्राप्त हुनेछन् भने पहिलेको नतिजाले पनि उत्साह जगाउनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। सोमबार र मंगलबार भने आफ्नैबाट धोका हुन सक्छ। बेसुरमा दिएको वचनले पनि समस्या निम्त्याउन सक्छ। |
| कर्कट : | यो साता मध्यम फलदायी रहनेछ। सुरुमा विवादास्पद जिम्मेवारी आउनाले मानसम्मानमा आघात पर्न सक्छ। आलोचकहरूले पनि दुःख दिन सक्छन्। सोमवारदेखि सहयोगीहरू जुट्नाले धेरै काम बन्नेछन्। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। |
| सिंह : | सुरुमा स्वास्थ्य कमजोर रहनाले काममा बाधा हुनेछ। आगन्तुकले अलमल्याउने हुँदा अध्ययनमा समय दिन नसकिएला। सोमवारदेखि भने स्थितिमा सुधार आउनाले धेरै काम सम्पादन हुनेछन्। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। |
| कन्या : | प्रारम्भमा खर्चिलो काम गर्नुपर्ने हुँदा धेरै रकम जोहो गर्नुपर्ला। तापनि पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। सोमबारदेखि स्थितिमा सुधार आउनेछ भने कर्मयोगले उचाइमा पुर्याउन सक्छ। आफन्तसँगको भेटघाटले आनन्द प्राप्त हुनेछ। |
| तुला : | सुरुमा उठ्नुपर्ने रकम हातलागी हुनेछ भने काममा पनि मनग्गे आम्दानी हुनेछ। सोमवार र मंगलवार केही खर्चिलो हुने देखिन्छ। सामान्य आम्दानी भइर हनेछ तापनि थप रकम जोहो गर्नुपर्ने स्थिति आउन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउन सक्छन्। |
| वृश्चिक : | प्रतिष्ठित काम गर्दै कीर्तिमानी हासिल गर्ने समय छ। कर्मयोगले उचाइमा पुर्याउनेछ। कामको सन्दर्भमा वरिष्ठ व्यक्तिहरूसँग मित्रता बढ्नेछ। मिहिनेतले कीर्तिमानी समेत दिलाउन सक्छ। मंगलबारसम्म राम्रै आम्दानी हुनेछ। बुधबारदेखि खर्चसमेत बढ्नाले रकम सञ्चय नहुन सक्छ। |
| धनु : | प्रारम्भमा अरूको हस्तक्षेपले काम रोकिन सक्छ। तापनि दोहोर्याएर प्रयत्न गर्दा सोमबारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा प्रगति हुनेछ भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ। इतिहास अध्ययन र धर्म-संस्कृतिको जगेर्नातर्फ रुचि बढ्नेछ। |
| मकर : | प्रारम्भमा परिस्थिति अनुकूल नदेखिए पनि मिहिनेतले बिस्तारै सफलताको खुड्किलो चढ्न सकिनेछ। बुद्धिको उपयोगले चुनौतीहरूलाई पन्छाउन सफल भइनेछ। प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। नयाँ काम तथा सीप सिक्ने अवसर प्राप्त हुनेछ। पुरुषार्थले कीर्तिमानी दिलाउन सक्छ। |
| कुम्भ : | आँटेको र ताकेको कार्य पुरा हुनेछ। मुद्दा-मामिलामा विजयी भइनेछ। साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला। धार्मिकरसांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ। साताको अन्त्यमा अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ। |
| मीन : | काम गर्ने जाँगर बढ्नुका साथै शरीर पनि स्वस्थ रहनेछ। सामाजिक सभासमारोहमा भाग लिनु पर्नेछ। दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ। मनमा कुनै नयाँ काम गर्ने विचार आउनसक्छ। गरेको काममा सफलता मिल्दै जानेछ। |

जिल्ला प्रशासन कालिकोट द.नं.१२/०७३/०७४ 'ख' वर्गको पत्रिका www.missionenews.com जि.हु.का. द.नं. ४/०७३/०७४

मिसन न्यूज www.missionenews.com | २०७६ साउन २९ गते बुधबार | 14 August 2019 Wednesday | अन्तिम पृष्ठ | ८

## दुरसञ्चारमा भुमिगत..................

थियो। तर, आफुभन्दा ठुलो जिमेवारी कार्यालयको व्यक्तीले मात्र कामको मुल्यांकन गर्न पाउने कार्यालय प्रमुख नवराज खतिवडाले बताए। उनले आफुमाथि कर्मचारीले अटेरी गरेर सेवाग्राहीलाई समेत सास्ती दिएको सुनाए। तल्लो तहका कर्मचारीले सेवानै बन्द गरेर आन्दोलनमा उत्रिनु नराम्रो काम भएको उनको भनाइ छ। कर्मचारीको मागलाई तत्काल सम्वोधन गरेर सेवाग्राहीलाई परेको असरप्रति कार्यालय प्रमुख खतिवडाले क्षमा समेत मागेका छन्। तिन दिनपछि मात्र कार्यालय संचालनमा आएको छ। विहिबारदेखि गरिएको आन्दोलन आइतबार फिर्ता गरिएको छ। अधिकांस कर्मचारीले हाकिमसँग आफ्ना मागहरु नराखेरै कार्यालयको ग्राहकलाइ सेवा बन्द गरेका थिए। अधिकांस सेवाग्राहीहरु अन्योलमा परेका थिए।

## त्रिवेणी र बडिमालिकामा...........

जिल्लाको सिमानामा पर्ने बडिमालिका धार्मिक मन्दीरका कारणले पनि चर्चामा रहेको छ। समुद्र सतहबाट ४२ सय १९ मिटर उचाइमा रहेको त्रिवेणी पाटन सौन्दर्यका हिसाबले मात्रै नभई धार्मिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ। नजिकै देखिने सुन्दर हिमाल, हिउँ टेक्न पाइने र मनोरम प्राकृतिक दृश्यहरू त्रिवेणी पाटनका विशेषता हुन्। त्रिवेणी पाटन घुम्नलाई वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ। नजिकै रहेको बडिमालिका मन्दीरमा साउन जनै पूर्णिमाको अघिल्लो दिन लाग्ने मेला लाग्ने गर्छ। मेला भर्न नेपालका विभिन्न जिल्ला र भारतबाट पनि मानिसहरू बडिमालिका पुग्ने गरेको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए। 'त्रिवेणी पाटन आसपासमा रहेका २२ वटा पाटनमा सयौं प्रजातिका फूल फूल्छन्' उनले भने, 'यो क्षेत्रका ३२ वटा पाटनमध्ये १२ वटा पाटन कालिकोट क्षेत्रमा पर्ने र २० वटा बाजुरा क्षेत्रमा पर्दछन्।'

**जंगली जनावर पनि मुख्य आकर्षण**

यस पाटनको आक्रषर्ण भनेको जंगली जनवार पनि हुन्। कस्तुरी, मृग, हिउँचितुवा, हिमालयन थार, हिमाली भालु, वन कुकुर, नाउरलगायत वन्यजन्तु यो क्षेत्रमा पाइने रामारोसन गाउँपालिकाका अध्यक्ष झंकर साउँदले बताए। 'जडिबुटीका लागिसमेत त्रिवेणी क्षेत्र प्रख्यात रहेको छ।' उनले भने,'यो क्षेत्रमा ४५ भन्दा बढी प्रजातिका दुर्लभ तथा बहुमूल्य जडीबुटी पाइने गरेको छ।'

**योजना तर्जुमा गर्दै जनप्रतिनिधि**

त्रिवेणी पाटन क्षेत्रको विकासका लागि कालिकोट अछाम र बाजुरा जिल्लाका जनप्रतिनीधिहरूले पर्यटन प्रवर्द्धनका लागि योजना ल्याउन लागेका छन्। त्रिवेणी क्षेत्रकाको संरक्षणका लागि पर्यटन प्रबर्द्धन योजना ल्याएर त्यसको बृहत्तर विकास गर्न लागेको हुन्। पर्यटन, जडीबुटी दुर्लभ जनवारको बासस्थानसमेत रहेको त्रिवेणी पाटनको संरक्षणका लागि कालिकोट, अछाम र बाजुरार जनप्रतिनिधि बीच दुई पटक छलफल समेत चलेको त्रिवेणी पाटन र बडिमालिका पर्यटन क्षेत्रको विकासका लागि गुरुयोजना समेत बनाउने तयारी थालिएको कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर विष्टले बताए। 'बडिमालिका र त्रिवेणी पाटनको पर्यटन गुरुयोजना बनाउने तयारी साथ दुईपटक बैठकसमेत बसेका छौं।'

उनले भने,'त्यसका लागि हामी सबैले तयारी पनि थालेका छौं।' संरक्षित क्षेत्र बनाइने त्रिवेणी पाटन, बडिमालिका र रामारोसन ताल क्षेत्र आसपासका क्षेत्रलाई समेटर संरक्षित क्षेत्रका रूपमा विकास गर्न स्थानीय सरकारहरूले तयारी थालेका छन्। त्रिवेणी पाटन, रामारोशन र बडिमालिका आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा स्थापित हुन सक्ने त्यसका लागि पहिलो चरणमा त्यस क्षेत्रमा चरिचरन, जडीबुटी निकासी बन्द गर्न लागिएको अछाम रामारोसन गाउँपालिकाका अध्यक्ष झंकर साउँदले बताए। 'हामी त्रिवेणी पाटन, रामारोसन ताल र बडिमालिका क्षेत्रलाई संरक्षित क्षेत्रका रुपमा विकास गर्न लागेका छौं।' उनले भने,'त्यसका लागि कालिकोट, बाजुरा र अछामका स्थानीय सरकारहरूले त्यस क्षेत्रमा चरिचरन, जडीबुटी निकासी र शिकार खेल्न बन्देज लगाइएको छ।'

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## जुगे योजना सेटिङ्गमा...............

हजार, सुन्दर टोल भैंसी पालन फार्मलाई ३ लाख ८० हजार, बडिमालिका जडीबुटी चिया उद्योगलाई ४ लाख ८० हजार, रास्कोटका दिनेश फर्निचर उद्योगलाई ३ लाख ८० हजार, समीर ढाका उद्योगलाई ३ लाख ८० हजार, विपिन ग्रिल फर्निचर उद्योगलाई ७ लाख ६८ हजार, खाँडाचक्र नगरपालिकाका रूपादेवी कृषि औजार आरन उद्योगलाई ३ लाख ८० हजार, पूजा एन्ड जीवन फर्निचर उद्योगलाई ३ लाख ८० हजार, कर्णाली एग्रो फुड प्रोडक्टलाई ४ लाख ८० हजार, कर्णाली जडीबुटी प्रसोधन उद्योगलाई ४ लाख ८० हजार , एस बी नुडल्स एन्ड सस उद्योगलाई ८ लाख ६४ हजार, चन्द्र फर्निचर उद्योगलाई ७ लाख ६८ हजार, लुवारकोट कृषि औजार उद्योगलाई ४ लाख ८० हजार, शान्तित्रिवेणी गाँउपालिकाका निशान फर्निचर उद्योगलाई ४ लाख ८० हजार र पचालझरना गाउँपालिकाका रघुजन ढाका उद्योगलाई ७ लाख ६८ हजार अनुदान बाँडिएको छ। घरेलुले अधिकांश नेकपाका नेताहरूलाई अनुदान बाँडेको छ। कालिकोटमा रहेर राजनीतिक रूपमा आफ्नो पकड बनाएका नेकपाका जिल्ला नेतालाई अनुदान बाँडिएको छ। पहुँचको आधारमा योजना बाँडफाँट गरेको भन्दै वास्तविक उद्यमीले विरोध गरेका छन्।

## काँक्रेविहारमा दरूवाको ..............

औँ शताब्दीतिर भएको अनुमान गरीएको पाइन्छ। विरेन्द्रनगरको लाटिकोइलीको अग्लो डाँडामा अवस्थित काँक्रेविहारले धेरै मानिसलाई खोज र अनुसन्धानको विषय बनाएको छ। सुर्खेत उपत्यका भित्रैकै सवैभन्दा उचाइमा काँक्रेविहारको मन्दीर र अन्य भग्नावशेष छन्। २०२९ सालमा तत्कालीन राजा वीरेन्द्र सुर्खेतमा आएपश्चात काँक्रेविहारको भग्नावशेष समेतले महत्व पाएको देखिन्छ। सुर्खेत उपत्यकाको दृष्यावोलोकनको उपयुक्त स्थान वृक्षारोपण, चक्रपथ, वन्यजन्तु र पुरातात्विक वस्तुहरुले मोहोनी लगाएको छ। काँक्रेविहार आन्तरिक तथा बाह्य पर्यटकको लागि सुन्दरताले भरिएको स्थलको रुपमा लिने गरिएको छ। सुनेको काँक्रेविहार भन्दापनि देखेको काँक्रेविहारले पर्यटकलाई निकै खुसी बनाएको छ। काँक्रेविहारमा सहभागीलाई वनभोजको लागि पनि उपयुक्त ठाउँ छ। दृश्य अवलोकन गर्न यो प्रशिद्ध ठाउँमा पर्यटकको भिड लागिरहेको हुन्छ।

## पक्की पुल.............................

व्यवसायीले १५ महिनाभित्र काम सम्पन्न गर्ने सम्झौता गरेका पुलसमेत वर्षौं बित्तिसक्दा पनि बन्न सकेका छैनन्। अधिकांश पुलको निर्माण कार्य सुरु गरिए पनि बीचैमा काम नगरी छोड्ने गरिएको हो। कर्णाली राजमार्ग र कर्णाली करिडोर जोड्ने खुलालु पुलसमेत नौ वर्ष बित्तिसक्दा जगमात्रै हालिएको छ। निर्माण व्यवसायीलाई पटक-पटक समयमै काम सम्पन्न गर्न अल्टिमेटम दिए पनि अटेर गरी काम नगरेको डिभिजन सडक कार्यालय जुम्लाका प्रमुख इन्जिनियर श्रवणकुमार महताराले बताए। उनका अनुसार कर्णाली राजमार्गको जुम्ला क्षेत्रमा पर्ने पुल निर्माण तीव्र गतिमा भए पनि अन्यमा सुस्त छ। टाकुल्लाको पुलको निर्माण व्यवसायी लामो समयदेखि सम्पर्कबिहिन भएपछि कालोसूची प्रकाशन गरिएको छ।

## बजेट पेश गर्न मन्त्रालयलाई................

ले गरेको कूल बजेट खर्चको २० प्रतिशत बजेट आर्थिक बर्षको अन्तिम एक महिनामा भएको थियो। सरकारले त्यही आर्थिक बर्षको ११ महिनामासम्म १५ प्रतिशत मात्र बजेट खर्चेको कर्णाली सरकारले एक महिनामा २० प्रतिशत बजेट खर्च गरेको तथ्याङ्कले देखाएको छ। आर्थिक बर्षको अन्त्यमा सरकारले बिकास बजेट र कमान्तर करौडौका सवारी साधन किनेको थियो। लेखा समितिले रकमान्तरको प्रक्रियामा चासो दिएको बताईएको छ। आर्थिक बर्ष २०७५/०७६ को जेठ मसान्तसम्म कर्णाली सरकारले ४ अर्ब २७ करोड, ५१ लाख ७९ हजार ३ सय ६८ रुपैयाँ खर्च गरेको थियो भने आर्थिक बर्षको असार महिनामा मात्र ५ अर्ब ५३ करोड १४ लाख १ हजार ७ सय ६३ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयको तथ्याङ्कले देखाएको छ। गत आर्थिक बर्षमा २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट ल्याएको थियो। गत बर्ष कर्णाली सरकारको पुजिगत बजेट खर्च २४ प्रतिशतमा सिमित भएको छ भने चालु बजेट भने झण्डै ७१ प्रतिशत खर्च गरेको थियो। आर्थिक बर्षको अन्त्यमा कर्णाली सरकारका सबै मन्त्रालयहरुबाट गरी २ अर्ब १७ करोड भन्दा बढी बजेट रकमान्तर गरी सवारी साधन खरिद गरिएको थियो। सरकारको रकमान्तर प्रक्रिया र बजेट खर्च स्वभाविक नभएकोले अध्ययन गर्न लागिएको लेखा समितिले जनाएको छ। कर्णालीपाटीबाट

**सान्नी त्रिवेणीको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

बेस्ट कर्णाली मिडियाद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com,मुद्रण,ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत